राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन ५६ औं वार्षिकोत्सव

वर्ष-१६ ।। अङ्क : ३२२ ॥ २०८१ पुष २८ गते आईतबार (12th Jan 2025 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-

# हरेकको मरिमराउमा सभामुख घिमिरेको साथ

झापा(प्रस) । नेपालीमा उखान नै छ - जिउँदाको जन्ती मर्दाको मलामी । मरण धनीको होस् या गरिब, सबैका आँखामा आँशु बोकेर आउँछा एकको मृत्युले धेरैलाई रुवाउँछा परिवार, आफन्तजन र छरछिमेकलाई दुखाउँछा शोक परेका बेला सबैले सान्त्वना र सहानुभूति खोजिरहेका हुन्छन् । त्यही दुःखको क्षणमा सभामुख देवराज घिमिरेले साथ दिँदै आएका छन् । हरेकको मरिमराउमा समवेदना लिएर उनी पुग्ने गर्छन् । संघीय सांसदसमेत रहेका घिमिरेको समवेदना झापा क्षेत्र नं २ का क्षेत्रका धनी गरिव सबै शोकाकुलको घरमा पुग्ने गरेको छ । कतिपयको घरमा आफै जान्छन् , नभ्याएको घरमा आफ्ना सहयोगीमार्फत् समवेदना पठाइदिन्छन् । सभामुख घिमिरेले हालसम्म १ हजार २२२ जनाको परिवारमा समवेदना पुर्याएका छन् । अर्जुनधाराका ४२१ , बिर्तामोडका ४७९ , कन्काईका ७१ , बुद्धशान्तिका २०४ परिवारमा समवेदना पुर्याएको सभामुखका सल्लाहकार हिमाल मैनालीले बताए । उनले २ नं क्षेत्रबाहिर ४७ परिवारलाई समवेदना दिइएको जानकारी दिए । मार्मिकता, हार्दिकता र मानवीयताको उद्धेश्य राखेर सभामुखले २०७९ फागुनदेखि सो अभियान शुरु गरेका हुन् । २०७९ फागुनदेखि २०८० माघ ६ सम्म पहिलो वर्ष ३९५ र २०८० माघ ७ देखि २०८१ पुष २० गतेसम्म ७८० परिवारलाई समवेदना दिएको मैनालीले जानकारी दिए । आफ्ना क्षेत्रको नागरिकका घरमा मरिमराउ हुँदा पुग्नका लागि सभामुख घिमिरेले सल्लाहकार मैनालीलाई जिम्मेवारी दिएका छन् । सभामुख घिमिरेले आफ्नै निजी खर्च र केही दाताको सहयोगमा समवेदना पत्र तयार गरी दिने गरेको बताइएको छ । मानवीय हिसावले सभामुखले यो अभियान संचालन गरेपनि विपक्षी राजनीतिक दलका कार्यकर्ताहरुले समवेदनाको नाममा राजनीतिक अभियान भएको भनेर टिप्पणी गर्ने गरेका छन् । यो र त्यो नभनी हरेक पार्टी , हरेक जाति र हरेक वर्गका मानिसको घरमा मरिमराउ हुँदा जाने संस्कार अनुसार नै सभामुखले यो अभियान चलाएको मैनालीको भनाई छ ।

# मेची रंगशालालाई सहयोग गर्ने आश्वासन

भद्रपुर(प्रस) । सभामुख देवराज घिमिरेले झापाको सदरमुकाम भद्रपुरमा रहेको सरकारी स्वामित्वको मेची रंगशालाको निरीक्षण गरेका छन् ।

विभिन्न कार्यक्रममा सहभागिताका लागि गृहजिल्ला झापामा रहेका घिमिरेले शुक्रबार अपरान्ह मेची रंगशालाको निरीक्षण गर्दै त्यहाँको अवस्थाको बारेमा जानकारी लिएका हुन् ।

सभामुख घिमिरेलाई भद्रपुर झापा गोल्डकपको सचिवालयमा गोल्डकपका अध्यक्ष दिपेश ढकाल, उपाध्यक्ष पूर्व प्रदेशसभा सदस्य बसन्त बानिया, महासचिव जीवनकुमार श्रेष्ठ, भद्रपुर नगरपालिका वडा नं ५ का वडाध्यक्ष बन्धु कार्कीलगायतले स्वागत गरेका थिए ।

सो क्रममा गोल्डकपका अध्यक्ष ढकालले सभामुख घिमिरेलाई भद्रपुर झापा गोल्डकपको आसन्न दोस्रो संस्करणको तयारी र मेची रंगशालामा आवश्यक पूर्वाधारका बारेमा जानकारी गराउँदै सहयोगका लागि आग्रह गरेका थिए । हाललाई रंगशालामा थप प्यारापिट र रात्रिकालीन प्रतियोगितासमेत गराउन सक्नेगरीको फ्लड लाइटको व्यवस्थाका लागि सभामुख घिमिरेलाई आग्रह गरिएको अध्यक्ष ढकालले बताए । सोक्रममा सभामुख घिमिरेले मेची रंगशाला भद्रपुरको मात्र नभई झापाकै ऐतिहासिक र महत्वपूर्ण सम्पत्ति भएकोले यसको संरक्षण र विकास सम्पूर्ण झापावासीको भएको उल्लेख गर्दै सहयोगका लागि आफ्नो तर्फबाट पूर्ण साथ रहने प्रतिवद्धता व्यक्त गरे । 'यो रंगशालाको विकास आवश्यक छ, तपाईंहरु काठमाडौं आउनुस्, कस-कसलाई के-के भन्नुपर्छ, त्यसका लागि म तयार छु', घिमिरेले भने- 'सरोकारवाला निकायहरुलाई घच्घच्याइरहनुपर्छ, केही न केही भइहाल्छ ।' सो अवसरमा सभामुख घिमिरेलाई गोल्डकपका तर्फबाट अध्यक्ष ढकालले मायाको चिनोस्वरुप गोल्डकपको लोगो अंकित टि-सर्ट प्रदान गरेका थिए ।

यसैबीच भद्रपुर झापा गोल्डकपको दोस्रो संस्करणको तयारीलाई तीव्र बनाइएको महासचिव श्रेष्ठले जानकारी दिए । आगामी फागुन ७ देखि १६ सम्म मेची रंगशालामै सम्पन्न हुने प्रतियोगिताको तयारीस्वरुप मैदान स्तरोन्नतिको काम भइरहेको छ भने प्रचार-प्रसारलाई पनि अघि बढाइएको छ ।

यस वर्षको प्रतियोगिता पूर्व राष्ट्रिय खेलाडी गम्भीर राईको संस्मरणमा हुने अध्यक्ष ढकालले जनाए । त्यस्तै, भद्रपुरका उद्यमी दिपक पोखरेल अध्यक्ष रहेको सौर्य एयरलाइन्स तथा ओम साई पाथिभरा हस्पिटल प्रतियोगिताको मुख्य प्रायोजक रहनेछ । प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, भुटानका स्तरीय क्लवहरुको सहभागिता रहने गोल्डकपका वरिष्ठ उपाध्यक्ष एवम् टिम व्यवस्थापन समितिका संयोजक आदित्य पराजुलीले बताए ।

# भारतीय कारको ठक्करबाट पैदलयात्रीको मृत्यु

झापा(प्रस) । झापाको मेचीनगरमा भारतीय कारको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ भने अर्का घाइते छन् ।

शुक्रवार राति ९:३० बजे मेचीनगर नगरपालिका वडा न.-१५ भगवती प्लाई फ्याक्टीस्थित ज्यामिरगढीबाट धुलाबारीतर्फ जाने भित्री सडकखण्डमा दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको तत्काल नम्बर नखुलेको कारले पैदलयात्री भारतको पश्चिम बंगाल कोचबिहार बस्ने २५ वर्षीय अप्पु राय र सोही ठाउँ बस्ने २० वर्षीय केशव मादकलाई ठक्कर दिएको थियो ।

दुवैजना मेचीनगर नगरपालिका १५ स्थित हिमशिखर फ्याक्ट्रीमा काम गर्ने मजदुर हुन् । घाइतेहरुलाई उपचारको लागि आम्दा अस्पताल धुलाबारी लगिएकोमा उपचारको क्रममा राति ११:३० बजे अप्पु रायलाई डाक्टरले मृत घोषणा गरेका थिए । केशव मादकलाई थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याई उपचार भइरहेको छ ।

इलाका प्रहरी कार्यालय धुलाबारी र प्रहरी चौकी ज्यामिरगढीबाट खटिएको प्रहरी टोलीले उक्त कारको खोजतलास गर्नेक्रममा शनिवार बिहान ११.२० बजे भारत पश्चिम बंगाल बागडुग्रा बस्ने अन्दाजी २३ वर्षीय रोशन खत्रीलाई डब्लुबी ७४एजी१२२५ नम्बरको कारसहित नियन्त्रणमा लिई थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

मामा मेचीनगर नगरपालिका १० धुलाबारी बस्ने रमेश श्रेष्ठको घरबाट कार चालक खत्रीलाई पक्राउ गरिएको हो भने भारत पानीट्यांकीस्थित न्यू स्पियर ग्यारेजबाट कार नियन्त्रणमा लिइएको हो ।

ठक्कर दिएर फरार भएका खत्रीले कार पानीट्यांकी लगेर ग्यारेजमा राखेका थिए । मृतकको शव पोष्टमार्टमपश्चात् उनका भाइ दिपक्कर रायले बुझिलगेको डीएसपी चन्दले जानकारी दिए ।

# कुकुरले टोकेर पाँच जना घाइते

झापा(प्रस)। कुकुरले टोकेर इलाममा पाँच जना घाइते भएका छन् । शनिवार बिहान ९:३० बजे इलाम नगरपालिका ९ गोलाखर्कमा छाडा छोडिएको कुकुरले भञ्ज्याङ बस्ने ७९ वर्षीया मनमाया बिष्ट , ३७ वर्षीया निर्मला रसाइली , ६० वर्षीया सोमबहादुर बस्नेत , पुवाजुङ बस्ने ७९ वर्षीय सन्तमान तामाङ र गोलाखर्क बस्ने २४ वर्षीया अलिसा लिम्बूलाई टोकेर घाइते बनाएको हो । घाइतेहरुलाई उपचारका लागि जिल्ला अस्पताल इलाममा भर्ना गरिएको छ । घाइतेमध्ये निर्मला रसाइली र सोमबहादुर बस्नेतलाई थप उपचारको लागि कन्काई अस्पताल बिर्तामोड रेफर गरिएको छ ।

प्रहरी चौकी गोलाखर्कबाट प्रहरी सहायक निरीक्षक नगेन्द्र बुढाथोकीको कमान्डमा दुईजनाको टोली खटिएर उक्त कुकुरलाई नियन्त्रणमा लिएको इलाम प्रहरीले जनाएको छ ।

# अध्यादेश नसच्याए मानव साङ्लो प्रदर्शन गर्ने चेतावनी

बिर्तामोड(प्रस) । राष्ट्रिय सहकारी महासंघका कार्यबाहक अध्यक्षसमेत रहेका उपाध्यक्ष रमेश पोखरेलले सरकारले जारी गरेको सहकारीसम्बन्धी अध्यादेश नसच्याए मानव साङ्लो प्रदर्शन गर्ने चेतावनी दिएका छन् । उनले अध्यादेश नसच्याए सन् २०१२ जस्तै मानव साङ्लो प्रदर्शन गर्ने चेतावनी दिएका हुन् । शनिबार झापा जिल्ला सहकारी संघ लिमिटेडको २८औँ बार्षिक साधारणसभामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि पोखरेलले संयुक्त राष्ट्रसंघले सन् २०२५ लाई अन्तर र्राष्ट्रिय सहकारी वर्षको रुपमा घोषणा गरेकाले सन् २०१२ मा जस्तै दबाब पुग्ने गरी विरोध कार्यक्रम गरिने बताए । सरकारले प्रतिस्थापन

विधेयकको माध्यमबाट संशोधन गर्ने आश्वासन दिएको भन्दै उनले यदि संशोधन भएन भने आन्दोलनमा उत्रिनुको विकल्प नभएको धारणा राखे । सहकारी ऐन २०७४ लाई पूर्णरुपमा कार्यान्वयन गरेको भए यो अध्यादेश ल्याउनुपर्ने जरुरी थिएन भन्दै पोखरेलले सहकारी अभियानभित्र प्रवेश गरेका केही लोभीपापीहरुका कारण अभियानमा असर पुगेको स्वीकार गरे । ' सदस्य केन्द्रित हुनुपर्नेमा निक्षेप संकलनमा केन्द्रित भए' उनले भने ,'संकलित पुँजीलाई सहकारीको मूल्य मान्यताविपरित अपचलन गरे । '

विश्वमा काहिँ नभएको बचत सीमा सरकारले तोकिदिएकोमा उनले आपत्ति जनाए । सरकारले जिल्लाभर कार्यक्षेत्र हुने सहकारीले १० लाख, प्रदेशभर कार्यक्षेत्र भएकाले २५ लाख र देशभर कार्यक्षेत्र भएका सहकारीले एक जना सदस्यबाट ५० लाखसम्म बचत संकलन गर्न पाउने व्यवस्था हटाउन महासंघले माग गरेको उनले बताए । उनले बचत तथा ऋण सहकारी संस्थामा बढीमा दुई कार्यकालभन्दा बढी एक जना व्यक्ति बस्न नपाउने गरी सरकारले गरेको व्यवस्था परिमार्जन गरिनुपर्ने माग सरकारसमक्ष राखिएको जानकारी दिए । कार्यक्रममा अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै संघका अध्यक्ष गणेश ढकालले झापा जिल्ला सहकारी संघको शेयर पूँजी ३ करोड ५९ लाख ५६ हजार एक सय रुपैयाँ, कोषमा ८ करोड ९ लाख ६६ हजार ८४१ रुपैयाँ रहेको जानकारी दिए । संघले गत आवमा २ करोड ५ लाख ७० हजार २८७ रुपैयाँ निक्षेप संकलन गरेको र १ करोड २८ लाख २ हजार १७२ रुपैयाँ कर्जा लगानी गरेको छ । संघमा ४९६ वटा प्रारम्भिक संस्थाहरु सदस्य रहेका छन् ।

कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कुन)का महासचिव घनश्याम अधिकारीले शुभकामना मन्तव्य राखेका थिए । संस्थाका सचिव भवानीप्रसाद (भानु) दंगाल, कोषाध्यक्ष अर्जुन दंगाल र लेखा सुपरीवेक्षण समिति संयोजक चुडामणि ओझाले प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका सचिव भवानीप्रसाद (भानु) दंगालले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष प्रेमकुमार कोइरालाले स्वागत गरेका थिए । संस्थाले आठौँ कार्यकालका लागि सञ्चालक र लेखा सुपरीवेक्षण समितिको चयनका लागि माघ २० देखि फागुन ३ गतेसम्मको निर्वाचन तालिका सार्वजनिक गरेको छ ।

## प्राणघातक स्तन क्यान्सरबाट बचौं
### स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं




**झापा गाउँपालिकाको कार्यालय**
टाँघनडुब्बा, झापा

# झापा कपबाट २८ लाख बचत

बिर्तामोड(प्रस) ।झापा कप फुटबल प्रतियोगिताको आय-व्यय सार्वजनिक गरिएको छ । आयोजकले फुटबल सञ्चालनबाट २८ लाख रुपैयाँभन्दा बढी रकम बचत भएको जनाएको छ ।

झापा ११ फुटबल क्लबको आयोजनामा मंसिर २९ गतेदेखि पुष ८ गतेसम्म सञ्चालित प्रतियोगिताबाट २८ लाख ३० हजार ८७३ रुपैयाँ बचत भएको शनिवार पत्रकार सम्मेलन गरी आय-व्यय सार्वजनिक गरिएको हो ।

आयोजक समितिका सचिव चेतामणि खनालका अनुसार

आम्दानीतर्फ १ करोड २ लाख १२ हजार ४०४ रुपैयाँ विभिन्न दाता, टिकट बिक्री तथा प्रायोजकबाट संकलन भएको थियो ।यसैबीच, झापा कपलाई निरन्तरता दिँदै दोस्रो संस्करण आगामी वर्ष मंसिर महिनामै आयोजना हुने झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए । उनले झापा कपको पहिलो संस्करण सफल बनाउन सहयोग गर्ने सबैमा धन्यवाद दिएका छन् ।

कार्यक्रममा प्रतियोगिता संयोजक केशवराज दाहाल र झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारीले प्रतियोगिता सफल बनाउने सबैलाई धन्यवाद दिँदै शुभकामना व्यक्त गरेका थिए ।

लिग लिडर चर्च ब्वाइज युनाइटेड झापा कपको च्याम्पियन बन्दै नगद १० लाख पाउन सफल भएको थियो । न्यू रोड टिम (एनआरटी)ले उपविजेता बन्दै ५ लाख रुपैयाँमा चित्त बुझाएको थियो ।

# मुद्रण उद्योग संघद्वारा संस्थापकहरू सम्मानित

झापा(प्रस) ।मुद्रण उद्योग संघ झापाले संस्थापक अध्यक्ष गणेशकुमार श्रेष्ठसहित विभिन्न व्यक्तित्वलाई शनिबार सम्मान गरेको छ ।झापाको धनुषकोटी धाममा आयोजित सातौं वार्षिक साधारण सभा तथा वनभोजका अवसरमा संघले नौ जनालाई सम्मान गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मुद्रण उद्योग महासंघका वरिष्ठ उपाध्यक्ष गोपाल ढकाल र संघका अध्यक्ष रोहितकुमार भट्टराईले उनीहरूलाई सम्मानपत्र प्रदान गरेका थिए ।

सम्मानित हुनेहरूमा संस्थापक अध्यक्ष गणेशकुमार श्रेष्ठ ,संस्थापक उपाध्यक्ष गोविन्द निरौला, सहसचिव रमेशकुमार रिजाल, कोषाध्यक्ष टंकप्रसाद दुलाल, सदस्यहरू टीकादेवी नेपाल, देवेन्द्रकिशोर ढुङ्गाना, खड्गबहादुर खड्का, पदमबहादुर बुढाथोकी र युवराज डाँगी रहेका छन् ।

कार्यक्रममा बोल्दै महासंघका वरिष्ठ उपाध्यक्ष ढकालले मुद्रण उद्योगमा भएको लगानी र सृजित रोजगारी रक्षाका लागि विभिन्न चरणमा सरकारसँग छलफल भएको बताए।

नेपाली मुद्रण व्यवसायीलाई ओझेलमा पार्ने नियतले सरकारले

हालै सुरक्षण मुद्रणको नाममा निजी क्षेत्रलाई पोस्न खोजेको भन्दै उपाध्यक्ष ढकालले कडा आपत्ति जनाए ।

मुद्रण उद्योगलाई संकटमा पार्ने गरी आएका नियम कानुन खारेज गर्ने गरी सरकारलाई दबाब दिन संगठित प्रयासको खाँचो रहेको उपाध्यक्ष ढकालले औँल्याए ।

कार्यक्रममा संस्थाको प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष भट्टराईले मुद्रण व्यवसायीले छपाइको गुणस्तरलाई वृद्धि गर्दै आधारभूत मूल्यमा एकरूपता कायम गर्न जरुरी भएको बताए ।

साधारण सभामा अध्यक्ष भट्टराईले व्यवसाय प्रवर्द्धन गर्दै आधुनिक उपकरण र जनशक्ति उत्पादनका लागि डिजिटल मार्केटिङ र करसम्बन्धी प्रशिक्षणलगायतका विषयमा कार्यक्रम प्रस्ताव गरेका छन् ।

सदस्य राहत कोष स्थापना, अध्ययन अवलोकन भ्रमण, अक्षयकोषका लागि कार्यविधि निर्माणलगायतका विषय पनि अध्यक्ष भट्टराईको प्रतिवेदनमा समेटिएका छन् ।

संघको आफ्नै जमिन खरिद गरी भवन निर्माण गर्ने प्रस्ताव पनि अध्यक्ष भट्टराईले साधारण सभासमक्ष प्रस्ताव राखेका छन् ।संघमा मुद्रणसँग सम्बन्धित १०५ जना व्यवसायी संगठित भइसकेका छन् ।

सदस्य विस्तार अभियानलाई पनि तीव्रता दिइने संघका सचिव भानुभक्त खनालले बताए । छापाखाना व्यवसायीहरूलाई एकत्रित गरी व्यावसायिक हितका लागि काम सुरु गरिएको र आगामी दिनमा यसलाई निरन्तरता दिइने सचिव खनालले उल्लेख गरे ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुब्रत न्यौपानेले कच्चा पदार्थ आयातमा बढी कर लगाउने सरकारी नीतिका कारण मुद्रण व्यवसाय संकटमा पर्न सक्ने बताउँदै यस विषयमा समयमै सरकारको ध्यानाकर्षण गराउनुपर्ने धारणा राखे ।

कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय उपाध्यक्ष युवराज डाँगी, सल्लाहकार कृष्ण अधिकारी, कोशी प्रदेश अध्यक्ष लवकुमार घिमिरे, सह कोषाध्यक्ष राजु पोखरेल, बिर्तामोड उद्योग वाणिज्य संघका सदस्य केदार खनाललगायतको आतिथ्य रहेको थियो । सचिव खनालले सञ्चालन गरेको कार्यक्रममा संघका उपाध्यक्ष याम थुलुङले स्वागत मन्तव्य राखेका थिए ।

# हल्दिवारी –३ मा भलिबल प्रतियोगिता सम्पन्न

हल्दिवारी (प्रस) । ढडुवा युवा क्लब हल्दिवारी-३ को आयोजना तथा हल्दिवारी ३ नं वडा कार्यालयको सहयोगमा वडा नं-३ स्तरीय पुरुष भलिबल प्रतियोगिता सम्पन्न भएको छ । हल्दिवारी वडा नं-३ भित्रका ९ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा बिष्ट भलिबल टिम प्रथम र मेचे भलिबल टिम दोस्रो भएको छ । त्यस्तै बिष्ट भलिबल टिमका बिशन बिष्ट उत्कृष्ट खेलाडी घोषित भएका छन् । ढडुवा युवा क्लबका अध्यक्ष कुलबहादुर न्यौपानेको अध्यक्षता तथा हल्दिवारी

३ का वडा अध्यक्ष बिष्णु ओलीको प्रमुख आतिथ्यमा भएको समापन कार्यक्रममा वडा सदस्यहरु कर्ण भण्डारी ,अजित बिष्ट , बिष्णुमाया तिम्सिना ढुङ्गेल ,सामाजिक अगुवा ओमप्रसाद मिश्र,रातमाटे सामुदायिक वनका अध्यक्ष जनक लामा,रणकाली सामुदायिक वनका अध्यक्ष धनबहादुर साँवा,पञ्चायत माध्यमिक विद्यालयका शिक्षक डिल्लीराम ढुङ्गेललगायतको आतिथ्य रहेको थियो । बढदो दुर्व्यसनी र लागूऔषधजस्ता समस्याको न्यूनीकरण गर्दै भलिबल खेलको विकास गरी वडाको खेलाडी छनौट गर्न सो प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ । कार्यक्रमको संचालन क्लबका सचिव अभिषेक खतिवडाले गरेका थिए ।

# स्थानीय सरकारले समेत भाक्का दिवस मनाउँदै

झापा(प्रस) । राष्ट्रिय भाक्का दिवसलाई झापाका पालिकाहरुले समेत मनाउने भएका छन् ।

भाक्का दिवसका दिन सार्वजनिक विदा दिँदै आएका जिल्लाका पालिकाहरुले कार्यक्रम आयोजना गर्न लागेका हुन् । गत वर्ष झापाका तीन पालिकाले विदा दिएका थिए । आदिवासी राजवंशी समुदायको बिशेष खाजाको परिकारको रुपमा लिइने भक्का अर्थात भाक्काको प्रबर्द्धनका लागि हरेक बर्ष पुष २९ गते झापामा उत्सवको रुपमा मनाइने भाक्का दिवसको अवसर पारेर कचनकवल गाउँपालिका, हल्दिवारी गाउँपालिका र भद्रपुर नगरपालिकाले गत वर्ष विदा दिएका थिए ।

यस वर्ष पनि पुष २९ गते सोमवार कचनकवल गाउँपालिकाले आठौ राष्ट्रिय भाक्का दिवसको



अवसरमा सार्वजनिक विदा दिने निर्णय गरिसकेको छ भने अन्य पालिकाहरुले विदा दिने तयारी गरेका छन् । यस वर्ष दमक नगरपालिकाले पहिलो पटक कार्यक्रम गर्ने भएको छ ।

दमक नगरपालिकाले स्थायी ठेगाना दमक भई दमक नगरभित्र भाक्काको व्यवसाय गरेर आयआर्जन गरिरहेका भाक्का व्यवसायीहरुलाई प्रोत्साहन गर्ने भएको छ । पुष २९ गते दमक नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले सो कार्यक्रम गर्ने भएको छ ।

भाक्का दिवसको अवसरमा विगत एक सातादेखि लगातार कार्यक्रम हुँदै आएको छ । मुख्य कार्यक्रम पुष २९ गते बिर्तामोड ३ बिर्ताबजारस्थित डोमालाल राजवंशी रंगशालामा हुने राजवंशी समाज विकास समितिका केन्द्रीय अध्यक्ष अभय राजवंशीले बताए । त्यस्तै पुष २८ गते उत्तम राजवंशी जिल्ला अध्यक्ष भएको अर्को राजवंशी समाज विकास समितिले भद्रपुरमा कार्यक्रम गर्ने भएको छ ।

# पाँच महिनामा ६ खर्ब ४० अर्ब रेमिट्यान्स भित्रियो

झापा(प्रस) । चालु आर्थिक वर्षको पाँच महिनामा ६ खर्ब ४० अर्ब ४३ करोड बराबरको विप्रेषण (रेमिट्यान्स)आप्रवाह भएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार, समीक्षा अवधिमा रेमिट्यान्सआप्रवाह ४.४ प्रतिशतले वृद्धि भएको छ।

अघिल्लो वर्षको यही अवधिमा रेमिट्यान्सआप्रवाह २४.२ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह २.५प्रतिशतले वृद्धि भई चार ४ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्ष आप्रवाह २१.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ६ खर्ब ९९ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ६ खर्ब ६९ अर्ब ७७ करोड थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या एक लाख ९० हजार ३८४ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ३५ हजार ४२५ छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः एक लाख ७१ हजार ९७५ र एक लाख दुई हजार ५४२ रहेको थियो ।

# महेन्द्र रत्न माविले ६७ औं वार्षिकोत्सव भव्य रुपमा मनाउने

झापा(प्रस)। बिर्तामोड- ३ बिर्ताबजारस्थित महेन्द्र रत्न माध्यमिक विद्यालयले ६७ औं वार्षिकोत्सव भव्य रुपमा मनाउने भएको छ । सप्ताहव्यापी खेलकुद प्रतियोगिता संचालन गरेको विद्यालयले पुष २ ९ गते वार्षिकोत्सव मनाउने भएको हो । त्यस दिन ६५० जना विद्यार्थीहरुलाई पुरस्कृत गरिने प्रधानाध्यापक खड्गप्रसाद खरेलले बताए । सम्मान कार्यक्रमअन्तर्गत दीर्घसेवी शिक्षक सम्मान २ जनालाई , उत्कृष्ट शिक्षक सम्मान ५ जनालाई , समाजसेवी शिक्षासेवी सम्मान २ जनालाई , अक्षयकोष दाता र पूर्व विद्यार्थी १-१ जनालाई सम्मान गरिने भएको छ ।त्यस्तै सुरेश पाठक स्मृति अक्षयकोषबाट छात्रवृत्ति बितरण गरिनुका साथै एकजना अवकाशप्राप्त शिक्षकलाई विदाई गरिने प्रधानाध्यापक खरेलले जानकारी दिए । सांस्कृतिक कार्यक्रमअन्तर्गत करिव ५ सय विद्यार्थीहरुले विभिन्न जातजातिका झाँकीसहित नृत्य प्रस्तुत गर्ने उनले जानकारी दिए ।

महेन्द्र रत्न माविले यस वर्ष पनि महेन्द्र रत्न तारालाई निरन्तरता दिने भएको छ । पुष २८ गते महेन्द्र रत्न ताराको सिजन थ्री संचालन गरिने भएको छ । सो नगरस्तरीय गायन प्रतियोगितामा बिर्तामोडभरिका सामुदायिक विद्यालयका विद्यार्थीहरुले भाग लिने भएका छन् । प्रतियोगितामा प्रथम हुनेलाई पाँच हजार , दोस्रो हुनेलाई चार हजार र तेस्रो हुनेलाई तीन हजार नगद पुरस्कार र मेडलको व्यवस्था गरिएको विद्यालयले जनाएको छ । कोशी प्रदेश सरकारका खानेपानी , सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीले वार्षिकोत्सव उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

# पाँच महिनामा ६ अर्ब ३२ करोडको आइटी सेवा निर्यात

झापा(प्रस) ।नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको चालु आर्थिक वर्ष २०८१-८२ को पाँच महिनासम्मको तथ्यांक अनुसार ६ अर्ब ३२ करोड रूपैयाँ बराबरको सूचना प्रविधिमा आधारित सेवा (आइटी सेवा) निर्यात भएको छ। त्यस्तै, ७९ करोड रूपैयाँ बराबरको यस्तो सेवा आयात गरेको हो।प्रोफेसनल र म्यानेजमेन्ट कन्सलटेन्सी सेवा निर्यातबाट नेपालले १४ अर्ब ५३ करोड रूपैयाँ आम्दानी गरेको छ। तर, सेवा क्षेत्रको घाटा बढ्न सुरू गरेको छाकात्तिकमा यस्तो घाटा खुम्चिएको थियो। कात्तिकसम्ममा सेवा क्षेत्रको घाटा २७ अर्बबाट घटेर २२ अर्बमा सीमित भएको थियो।सेवाको निर्यातको तुलनामा आयात २२ अर्ब धेरै थियो। नेपालले ७३ अर्ब ३८ करोडको सेवा निर्यात गर्दा ९६ अर्बको सेवा आयात गरेको थियो।तर, मंसिरसम्म आइपुग्दा यस्तो घाटा फेरि बढ्न थालेको छ।

मंसिरसम्ममा सेवा क्षेत्रको घाटा ४० अर्बमा पुगेको छ। सेवा निर्यातको तुलनामा आयात ४० अर्ब धेरै भएको हो। नेपालले ९२ अर्ब ४७ करोडको सेवा निर्यात गर्दा एक खर्ब ३३ अर्बको सेवा आयात गरेको हो। अघिल्लो वर्षको यही अवधिसम्ममा भने नेपालले ९७ अर्ब ३९ करोडको सेवा निर्यात गर्दा एक खर्ब २३ अर्ब रूपैयाँको आयात गरेको थियो।

# एचपिभी खोप शतप्रतिशत प्रभावकारी

झापा(प्रस)। सरकारले १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप अभियानमा प्रदान गर्ने ह्युमन प्यापिलोमा भाइरस (एचपिभी )खोप सुरक्षित रहेको परिवार कल्याण महाशाखाअन्तर्गत खोप शाखाले जनाएको छ ।

खोप शाखाका प्रमुख डा.अभियान गौतमले यही माघ २२ देखि फागुन ६ गतेसम्म कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानमा दिइने खोप सुरक्षित रहेको जानकारी दिएका छन् ।

डा.गौतमका अनुसार नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रममार्फत निःशुल्क प्रदान गर्ने सबै खोप विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त हुनुका साथै नेपालको औषधी व्यवस्था विभागले स्वीकृत गरेको हुनाले यो खोप पनि अत्यन्तै सुरक्षित र प्रभावकारी छ । डा.गौतमले एचपिभी खोप १४४ देशहरुको राष्ट्रिय खोप तालिकामा समावेश गरी किशोरीहरूलाई दिइरहेको र यसको प्रभावकारीता शतप्रतिशतसम्म रहेको विभिन्न अध्ययनले देखाइसकेको जानकारी दिएका छन् ।

## बिमालेख हरायो

मेचीनगर नगरपालिका निवासी ट्रेजा तामाङको नाममा रहेको एल.आई.सी. को ६०००१३६७३ नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८१/०७/०५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

सम्पर्क : ट्रेजा तामाङ
ठेगाना: मेचीनगर-१३, झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## कविता

# मेरा बा !

• रोजिका आचार्य

यदि कहिले प्रश्न जिउँदा देवता को हो भन्ने उठ्यो भने
मेरो जवाफ मेरा बा हुनेछन्
दुःख लुकाई मिठो हाँसो बोकेर हिँड्ने
मेरा महान् बा उदाहरण हुनेछन्
समय, परिस्थितिको पर्वाह गर्दैनन्
हातमा फोरा, कम्मरमा दर्द, खुट्टाको छाला खोल्से पनि
उनी रोकिने छैनन्
आफ्नो इच्छा मार्ने, स्वाभिमानी व्यक्ति मेरा बा
कहिले केही मुस्किलबाट डराउने होइनन्
छोराछोरीको खुसी देख्न उनी आफ्नो गति रोक्ने होइनन्।

सम्झना छ अझै
आफ्नै भनिएका उनीहरूका शब्दका ती प्रहारहरू
मेरा बालाई नै केन्द्रबिन्दु बनाएर होच्याउने
आदरणीय गुमाएका मान्यजनहरू
भनूँ भने त मान्छेको बोली बन्दुकको गोली भइदिए
चित्त नदुखाऊँ भन्दा नि दुख्ने रहिछ
उमेरले सानो भएको कुराले पनि बेसरी नै पिर्दो रहिछ।

मेरा बाको भावनालाई एक पलमै ध्वस्त बनाएको
पैसा कमाउन नसकेको भन्दै मेरै बालाई बारम्बार गिज्याएको
सबै बातहरू सुनिरहँदा पनि एक लवज नबोली स्तब्ध रहन्छन्
आँखा रसिलो भएका हुन्छन् तर
आफूलाई हामीसामु देखे मुसुक्क मुस्कुराइदिन्छन्
मलाई कोहीको मप्रतिको धारणाले कत्ति पनि विचलित पार्दैन भन्छन्
आत्मा मेरो तर शरीर तिमीहरू हौ भन्छन्
अनेकौँका कुरा होइन मलाई मेरा सन्तान प्रिय छन् भन्छन्
केही कुराको कमी हुन दिनेछैन मेरो प्रतिज्ञा छ भन्छन्।

बिहान सबेरै जान्छन्, राति ढिला आउँछन्
थकित अनुहार, जीउ लुलो भएको हुन्छ तर
एउटा 'बा' शब्द सुन्न साथ उज्यालो मुख बनाइदिन्छन्
आफू घाममा खटिएका छन्, पानी आउँदा रुझ्दै बसेका छन्
स्कुल जान अहिलेसम्म हिँड्नु परेको छैन
जहिले ओताएका छन् पानीमा रुझ्नु परेको छैन
राति आमा, बा मिली घर धान्न गाह्रो भएको कुरा गर्छन्
आज मालाई यो चाहियो भन्न साथ अर्को बिहान सबै पुऱ्याइदिन्छन्
आफू खाली रहलान् तर सन्तानलाई भरिपूर्ण राखेका छन्
हाम्रा चाहना पूरा गर्न समयसँग युद्ध गरेका छन्
मेरा बा उनी महान् छन् उनको महिमा गाएर सकिन्न
लेख्न खोजे उनको बारे त्यो लेखन टुङ्गिन्न
आखिर मेरा बा, बा हुन् उनको जस्तो कोही हुन सक्दैनन्
पूरै ब्रह्माण्ड घुमे पनि मेरा बा जस्तो कतै पाइँदैनन्
उनी करोडौँको भीडमा पनि एक तर अनेक छन्
मेरा बा साँच्चिकै महान् छन्।

## गजल

# कता हिँडेकी नि !

• लीलाराज दाहाल

गोधूलिमा शृङ्गार गरी कता हिँडेकी नि !
नफर्किने विचार गरी कता हिँडेकी नि !

भन्यौ तिमी कतै जान्न मलाई छोडेर
आज यति हतार गरी कता हिँडेकी नि !

हृदय मै बास बस्न दिन्छु भन्दा भन्दै
यो मुटु मै प्रहार गरी कता हिँडेकी नि !

जात अनि धर्मले कहाँ छेक्छ माया ?
जञ्जीरको प्रचार गरी कता हिँडेकी नि !

जसले सधैं घृणाको इनाम दिई रह्यो
त्यही चिनो स्वीकार गरी कता हिँडेकी नि !

वागमती ११,
कर्मैया, सर्लाही

# 'अनब्लक'को प्रतीक्षा!

• आदित्य वाग्ले

मन, एक अज्ञात महासागर जस्तै हो। बाहिरबाट हेर्दा शान्त लाग्छ तर भित्र सधैं आँधीबेहरी चलिरहेकै हुन्छ। कसैले सोध्छ, ' मन के हो?' तब उत्तर दुई थरी आउँछन्– ' थाहा छ सँगै अनेकौं ननसेन्स एन्ड नन प्रोडक्टिभ इलाबोरेसन' र 'थाहा छैन सँगै शान्त हलचल रहित मुस्कान सहितको एक मुहार।'
मलाई 'थाहा छैन' भन्ने उत्तर प्रिय लाग्छ। किनभने मनलाई जसले 'थाहा छ' भन्छ, उसले शायद यो अदृश्य संसारलाई कहिल्यै बुझेकै हुँदैन।
मन त एउटा बादलजस्तै हो जुन कहिले उज्यालो आकाशको शोभा बन्छ त कहिले गर्जेर आँसुका वर्षा गर्छ। यो कहिले पढाइको चिन्ताले कसिएको त कहिले रिजल्टको डरले कत्रेको हुन्छ। कहिले कल्पनाको पखेटा फिँजाएर सीमाहीन आकाशमा उड्छ त कहिले निरर्थक सोचका पिडमा झुन्डिइरहन्छ। मन मेरो शरीरको सबैभन्दा संवेदनशील मुना हो। एउटा सानो काँडा भैँ, यसको पीडा कहिल्यै बेवास्ता गर्न सकिन्न। यो एउटा ऐना , जसले मेरो आत्माको छाया झल्काउँछ, तर कहिलेकाहीँ आफैँ उल्टो परिवर्तन गरेर मलाई नै अन्योलमा पारिदिन्छ।
मनले कहिलेकाहीँ काँचजस्तै काम गर्छ– जसले चिजबिजहरू र प्रकाश देखाउन सक्छ तर जब फुट्छ, त्यही टुक्राले मेरो आत्मालाई गहिरो चोट पुऱ्याउँछ। यो मेरो साथी पनि हो, शत्रु पनि। मेरो प्रेरणा पनि हो, कहिलेकाहीँ रोकावट पनि। मनले मलाई सधैं चुनौती दिन्छ– मलाई उसलाई बुझ्न र उसैसँग बाँच्न। यसलाई शब्दमा बाँध्न खोज्नु भनेको पानीलाई मुठ्ठीले समात्न खोजे सरह हो। मन त समयले कोरेको कथा हो जसको अन्त्य अहिलेसम्म कसैले लेख्न सकेको छैन।
मनको परिभाषा दिन मसँग पनि शब्दहरू छैनन्। मानौँ यो कुनै बादल हो जसलाई आकार दिन खोज्दा झन् टाढा पुग्छ। तर आफ्नो मनलाई आफ्नै नियन्त्रणमा राख्न सक्ने सामर्थ्य छ कि भनेर सोच्न भने कहिल्यै छाडेको छैन।
तर मन अचम्मकै चरा रहेछ– जहाँ रोक्न खोज्छु, त्यहीँबाट फुत्केर अरूको बगैंचामा गुँड बनाउन जान्छ।
आज त्यस्तै भयो। मेरो बसबाट भागेर मेरो मन प्रेम नामक सागरमा पुग्यो या भनौँ अरू कसैको मन नामक बगैंचामा गुँड बनाउन। सायद डुब्न मन लागेको छ प्रेमको गहिरो सागरमा, मानौँ पङ्खाहीन चरा समुद्रको माया गर्दै उसैमा बिलाउन चाहन्छ। उसैसँग, उसका हरेक आनीबानीमा। उसको हिँडाइ, उसको लवाइ, खुवाइ, बोलाइ र हेराइ। उसकै मन नामक बगैंचामा, सबै उसमै।
प्रेम साँच्चै सुन्दा कति मीठो सुनिन्छ! मानौँ सधैं बिहानको किरणजस्तो खुसीयाली ल्याउने, झन् प्रेम गर्दा त संसारको हरेक खुसी यही एउटै ठाउँमा केन्द्रित भएजस्तो।उठ्दा, बस्दा, उभिँदा, या केही कुरा सोच्दा, हरेकमा मात्र ऊ।आफ्नो मनदेखि तनसम्मको हरेक क्रियाकलापमा उसलाई समेट्न थालेको थिएँ। कसरी सुरु भयो ऊ र मेरो मनको कहानी? यो कथा कुनै फिक्का फिल्मजस्तो छैन; यो कथा फेसबुकको टेक्स्टबाट सुरु भएर अनन्तसम्मको छ। उसको कहानी सुरु भएको थियो गाडीको झ्यालबाट। झ्याल हुँदै फेसबुकको टेक्स्टसम्म। सायद आजकाल सबैको कहानीको सुरुवात फेसबुक या इन्स्टाग्रामबाटै हुन्छ। कहाँ-कहाँ टाढा देशका मान्छेको प्रेम पनि एउटै कोठाको कुनामा बसेर हुन्छ। संसारको दूरी त पक्कै थिएन हामीबिच। कति नै टाढा थिएँ र म ऊबाट! हाम्रो दूरी थियो त केवल राम्रो एक संवादको। जुन दूरी छोट्टाउन म हरदम प्रयास गर्ने वाला थिएँ।
पहिलो टेक्स्ट जिन्दगीमा कुनै केटीलाई पठाउँदै थिएँ। पूरै मेरो शरीर यसरी कामिरहेको थियो, मानौँ शून्य डिग्रीको जाडोमा चौरको माझमा अर्धनग्न अवस्थामा छु। पसिना यसरी बगिरहेको थियो, मानौँ पचास डिग्रीको घाममा बाक्लो कपडा लगाएर आगोको नजिक बसेको छु।
अन्ततः आँट लिएर पठाएँ टेक्स्ट।

टेक्स्टको आठ घण्टापछि रिप्लाई आयो- ' थ्यांक यु।' किनकि त्यो दिन उसको जन्मदिन थियो। मैले पहिलो टेक्स्ट नै 'ह्याप्पी बर्थडे' भनेर पठाएको थिएँ उसको फेसबुक स्टोरीमा रिप्लाई गर्दै।
केही संवादपछि उसले सोधी, 'सन्चै छौ?'
मेरो मन संसार जितेजस्तै खुसी भयो, मानौँ युद्ध मैदानबाट विजयी भएर फर्किएको हो। अर्कोतिर त्यही खुसीलाई बोकेर रिप्लाई गर्ने औँलाहरू बुलेट ट्रेनजस्तै गन्तव्यतर्फ हुइँकिए।
'उम्, सन्चै छु। अनि तिमी?' मैले सोधेँ।
उताबाट तुरुन्तै रिप्लाई आयो, 'म पनि ठिक छु।'
फेरि मक्ख पर्दै मैले लेखेँ, 'सुनेर खुसी लाग्यो।'
राति नौ बजे उसले 'हाहा...' भन्दै जवाफ फर्काई।
हाम्रो बिच सामान्य कुरा हुँदै थियो। अचानक, उसले लेखी- 'सरी, तर तिमीलाई मैले अलि याद गर्न सकिनँ नि।'
संसार जितेको जस्तो खुसीले भरिएको मेरो मन अब खिन्न र निराश भयो, मानौँ हिमाल चढ्ने प्रयास गर्दा हत्केलामा घाउ भएजस्तो। मेरो औँलाहरूको गति पनि कम भयो।
तर आफ्नो परिचय गराउने प्रयास गरेँ, 'म आदित्य क्या। कुनै समयको तिम्रो ब्याच मेट। तिमीलाई सधैं देख्थेँ मैले, स्कुलको गाडीमा। अनि कक्षा कोठामा।'
सधैं देख्ने भन्दा पनि सधैं तिमीलाई हेर्थेँ भन्न मन थियो मलाई। जुन कुरा पहिलो संवादमै भन्न शोभनीय थिएन।
उसले अलिकति याद आएको जस्तो गरी, '' उम् आदित्य वाग्ले? त्यो तिमी, फ्री टाइममा हाम्रो क्लासमा आउने? तिमी अनि तिम्रो अर्को साथी!'
मेरो मनमा केही आस पलायो। धन्य, केही त याद रहेछ उसलाई।

खुसी हुँदै फेरि लेखेँ, 'हो, हो। त्यही म।'
यही एउटा वाक्यले मेरो मन प्रसन्न थियो।
म ऊसँगको गफमा मस्त थिएँ। राति ११ बजे उसको 'गुड नाइट' लेखिएको मेसेज आयो। मैले पनि 'गुड नाइट' भनेँ अनि फेरि मेरो मनले के सोच्यो कुन्नि,लेखिदिएँ- 'अनि आजको सपना मलाई देख है त।'
त्यो टेक्स्ट सिन भएन। डराउँदै सुत्ने प्रयास गरेँ। तर निद्रा लागेन त्यो रात। बिहान चार बजेतिर आँखा लाग्यो। तर कुन्नि के भयो कुम्भकर्ण जस्तै सुत्ने म त्यो दिन ५:४५ मै उठेँ। त्यो दिन पहिलो चोटि निद्राको मतलब थिएन मलाई।

सिधै ट्याब्लेटतर्फ हात बढाएँ। खोले म्यासेन्जर। उसको मेसेज आधा घण्टा अगाडि आएको रहेछ, 'गुड मर्निङ!'
मेरो मन बिहान उड्ने चराझैँ भयो। खुसी, उज्यालो र उमङ्गले भरिएको। मेरो एउटा मनले भने सोचिरहेको थियो, कति जाँगरिली रहेछिन्! मनले अनेकौँ कुरा सोच्दै गर्दा हातले भने 'गुड मर्निङ' भनी रिप्लाई गर्न भ्याइसकेको थियो।
त्यसपछि मैले सुत्ने बेलामा सोधेको प्रश्नलाई फेरि उठाएँ, 'देख्यौ त मलाई सपनामा?'
उसको रिप्लाई आयो, 'उम्, देखे जस्तो लाग्छ।'
मैले फेरि सोधेँ, 'अनि के गरिरहेको रहेछु त म तिम्रो सपनामा?'
उसले लेखी, 'भोलि सपनामै आऊ त्यही भन्छु, मिस्टर आदित्य।'
मैले उसको मजाकलाई मन पराउँदै लेखेँ, ' तिमीले सपना देखेको भनेपछि मलाई जान्ने रहर भयो।'
मेरो त्यो टेक्स्टपछि उसलाई के लागेछ कुन्नि, दोहोरो कुरा नगरीकन उसले टेक्स्ट पठाई, 'तिमी मेरो सपनामा बदरजस्तै नाचिरहेको थियौ।'
त्यो हास्यव्यङ्ग्यको उत्तरले मेरो मनमा प्रेमको मीठो अनुभूति भरिदियो। उसले भनेको बाँदर अनि मिस्टर आदित्यको सङ्गमले मेरो मनले प्रेम भावको अनुभूति गऱ्यो।

हाम्रो कुराकानी राम्रोसँग चल्दै थियो। बिहान कहिलेकाहीँ ऊ मभन्दा पहिला उठ्थी र 'गुड मर्निङ' को टेक्स्ट अवश्य पठाउँथी। म पहिले उठेँ भने मैले पठाउँथेँ।

गुड मर्निङदेखि गुड नाइटसम्म हाम्रो संवाद चलिरहन्थ्यो। तर एक दिन सधैंझैँ कलेजबाट घर फर्किएर म्यासेन्जर खोलेँ। आजको दृश्य भने केही अलग थियो– जस्तो रातको चाँदनी लोप हुँदै जान्छ, मेरो मन पनि यो दृश्य देखेर अन्धकारमा डुब्यो।
मेरो आँखाले विश्वास गर्न सकेन। त्यहाँ थियो फेसबुकको एउटा सन्देश– 'तपाईंलाई ब्लक गरिएको छ।'
यो देख्न साथ मेरो मनमा फुटेका सिसाहरू जस्तो संगीत बज्न थाले।
'सुरु भयो त्यहाँ, जहाँ शब्दले स्पर्श गऱ्यो,
फेसबुकका अक्षरले मनलाई बटाऱ्यो
फिक्का थिएन यो कुनै साधारण कथा
हावा झैँ मुक्त, सागर झैँ गहिरो व्यथा।'
यी साना प्रेमकथा र यसको विडम्बना भनेका साँच्चै मान्छेको मनको खुला किताब हुन्।
यो किताबको एउटा नयाँ पाना कुनै दिन फेरि प्रस्तुत गरौँला। अहिलेलाई 'ब्लक'बाट ' अनब्लक'को प्रतीक्षामा। मेरो मनभित्रको प्रेम कथा अधुरै छ।

# नजरबाट चोरिएको त्यो फूलको कथा

• जुनु भट्टराई

मेरो फूलसँग बडो प्रेम छ, बडो लगाव छ। अझ भनौं फूलमा म एउटा सुन्दर जीवन देख्छु। किनकि त्यो फूलले पनि फुल्न अनेकौ संघर्ष गरेको छ। मानिसका वरिपरि जोडिएका परिवेश र सम्बन्धहरू जस्तै फूलसँग पनि अनेकौं आयामहरू छन्।
फूलसँग जोडिएका पात छन्, काँडाहरू छन् अनि ऊसँग पनि जरा अनि माटो छन्। अनि फेरिरहने अनेकौ मौसम छन्, जसबाट आफ्नो सुन्दरतालाई बचाउन उसले अनकौ अदृश्य संर्घष गर्नेपछी। उसले आफ्नो अस्तित्व बिर्सिए कसैले बनाएका सुन्दर 'फूलका कथा' कल्पना बाहिरका कुरा हुन्थे सायद।
फूलका कथाको कुरा गरिरहँदा, वर्षौं पहिलेको त्यो दिन स्मरण भयो, उसले मलाई केही सुन्दर फूलको तस्बिर पठायो। एकाबिहानै उसले पठाएका ती फूलका तस्बिर बडो प्रेमिल थिए। जब मैले मोबाइलको स्क्रिनबाट ती सुन्दर फूलका तस्बिरहरूलाई नजिकबाट नियालेर हेर्रे, मलाई अचम्मको महसुस गरायो, मलाई लाग्यो उनीसँग पनि मेरो जस्तै फूलसँग बडो प्रेम छ, उसको आँखाले पनि ती फूलहरूमा जिन्दगी देखेको छ, बिल्कुल मैले जस्तै।
गुड मर्निङ विस गर्ने क्रममा उनले पठाएका सुन्दर फूलका तस्बिर त्यतिबेला मेरा लागि केवल तस्बिर थिएनन्, त्यसमा मप्रति देखिएका उच्च सम्मान सहितको प्रेम भाव थियो, मिठो आत्मीयता थियो। अनि आउँदै गरेको समयको सुन्दर परिकल्पना थियो। ती सुन्दर फूलले मेरा अपार खुसी र मुस्कान बोकेर आएका थिए।
ऊ अर्थात् अशुमन। हामी वर्षौं पहिले सामाजिक सञ्जालमा जोडिएका थियौं। तर भौतिक रूपमा भेटघाट भएको केही वर्ष मात्र भयो। छोटो समयमा आत्मीयता साटासाट भएको साथी हो ऊ। साधारण व्यक्तित्व, सहयोगी भावना र सकारात्मक सोच भएको अशुमनसँग सामान्य हाई, हेल्लोको सम्बन्धबाट कहिले नजिकको साथीको रूपमा स्थापित भयो थाहा भएन। उसलाई हेर्ने नजर कहिलेदेखि विशेष बन्न थाल्यो थाहा छैन। यति थाहा थियो उनी अन्य साथीहरूको भिडमा विशेष साथी भने पक्कै बनेको थियो।
हुन त हरेक सम्बन्धको आफ्नै स्थान हुन्छ। परिवार, आफन्त, साथीभाइ सबैले जिन्दगीमा कुनै न कुनै रूपमा गज्जबले प्रभाव पारिरहेका हुन्छन्। ती सबै सम्बन्धहरू भिडमा प्रभावशाली सम्बन्धको अर्को नाम हो साथी। जीवनमा साथीको एक महत्वपूर्ण स्थान हुन्छ। त्यसैले त भन्छन् साथी सबैभन्दा माथि।
आहा 'कस्तो सुन्दर फूल, यु मेक माई डे।' मैले मेरो खुसीको पललाई शब्दमा व्यक्त गर्दै अशुमनलाई धन्यवाद दिएँ। केही सेकेन्डमै प्रत्युत्तर आयो, 'तिमी जस्तै सुन्दर।'
मेरो लागि त्यो सुन्दर बिहानीले यस्तो विश्वस्त गरायो कि ऊ मेरो साथी, त्यो पनि सबैभन्दा माथिको 'साथी'।
भनिन्छ, दिनको सुरूवात र अन्त्य सकारात्मक सोचबाट भए शरीरमा सकारात्मक हर्मोनको उत्पादन वृद्धि हुन्छ। अरूको लागि प्रत्यक्ष केही गर्न नसके पनि शुभदिन या शुभ रात्रीको कामना त गर्न सकिन्छ, यही सोचका साथ म प्रायः आफू निकटका व्यक्तिहरूसँग शुभबिहानी र शुभरात्रीको कामना गर्ने गर्दछु। केही समय मात्र भयो मैले उसलाई मनको नजरले शुभबिहानी विस गर्न थालेको। सामान्य भेटघाट र कुराकानीका क्रममा उसले देखाएका कतिपय व्यवहार यति प्रिय लाग्थे कि नचाहेर पनि आफ्नोपनको महसुस गराइदिन्थ्यो। त्यसलै पनि प्रायः बिहान गुडमर्निङ विस गरेकै हुन्थे।
म थोरै मुडी मान्छे हुँ। अनि थोरै बढी संवेदनशील पनि। संवेदनशील यस अर्थमा कि सामान्यतया अरू मान्छेलाई प्रभाव नपार्ने केही विषयवस्तु परिवेशले मलाई छिट्टै छोइदिन्छ, छिट्टै हँसाइदिन्छ अनि छिट्टै रूवाइदिन्छ। धेरैपटक कुराकानीको क्रममा मैले उसलाई भनेको थिएँ, 'म केही बढी नै इमोसनल छु, मेरो स्वभाव कसैलाई बोरिङ पनि लाग्न सक्छ।'

केही बढी संवेदनशील भएको कुरालाई खासै प्रतिक्रिया नदिए पनि मेरो बोरिड नेचर छ भन्ने मेरो अभिव्यक्ति भने उसले कहिल्यै स्वीकार गरेन। उसको कुराकानीबाट मलाई लाग्थ्यो ऊ पनि मसँग उसैगरी नजिकिएको छ, म सँगसँगै कुराकानी गर्न चाहन्छ, आत्मीयता साटासाट गर्न चाहन्छ। उसले पनि मलाई नजिकको साथीको रूपमा मनको कुनै कुनामा स्थान दिएको छ। यही महसुसले हाम्रो मित्रता दुरी नजिकिँदै गयो, दुःख होस् या सुखमा मनले मेरो एउटा साथी छ है भन्ने महसुस गर्न थाल्यो। समय सँगसँगै उसले मप्रति देखाएको प्रेमिल व्यवहारले मलाई विश्वस्त पार्दै गयो कि उसले पनि मलाई उस्तै नजरले हेर्छ जसरी मैले उसलाई एउटा नजिकको साथी जसलाई आफ्नो दुःख र सुख बाँड्न सक्ने पात्रको रूपमा जीवनमा स्थान दिएकी छु।
कुनै प्रसंगमा मैले एकदिन उसलाई सोधे, तपाईंको नजरमा म कस्तो लाग्छ?
'केही गरौं भन्ने सोच भएको केटी। योभन्दा बढी केही सोचेको छैन।'
उसको जबाफले मलाई एक्कासि आकाशबाट भुइँमा पछारिएको महसुस भयो। थोपा थोपा गरी गाग्रीमा भरिएको पानी गाग्री फुटेर बालुवामा बिलाएझैँ महसुस भयो। त्यतिका समय कुराकानी भए, आत्मीयता साटासाट भए , के ती सबै भावना, सम्बन्ध उनका लागि औपचारिकतामा मात्र सीमित थियो त?
हामीबीच साटासाट भएका आत्मीयताले उसको मनमा एउटा नजिकको साथीको सम्बन्ध पनि स्थापित गर्न सकेको थिएन?
यस्तै यस्तै विचारका ज्वारभाटाले नराम्रोसँग सताएछ कि दुखेको मनको साक्षी आँखाको डिलमा टिलपिल भरिएर छछल्किँदा पो बल्ल महसुस भयो, सायद भ्रममा बाँच्नुको अर्थ यही हो।
मलाई केही क्षण हीनताबोधले चसक्क छोएर गयो। केही बढी भावुकता मेरो कमजोरी हुनसक्छ भने मसँग मजबुत पक्ष पनि छ, म मेरो कमजोरीलाई पनि आत्मविश्वासका साथ स्वीकार गर्न सक्ने सामर्थ्य राख्ने मान्छे हुँ। मैले ऊप्रति बनाएको धारणा र अपेक्षा मेरो कमजोरीको रूपमा महशुस गरे पनि मैले उक्त कमजोरीलाई आफूमा हाबी हुन दिइनँ। त्यसैले उसको जबाफको प्रत्युत्तर प्रश्नको इमानदारीपूर्वक जवाफ दिएकोमा धन्यवाद

❖ बाँकी तेस्रो पृष्ठमा

# भद्रपुर रेडक्रसको सभापतिमा महत विजयी

भद्रपुर(प्रस) । नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखाको सभापतिमा २५३ मतका साथ केदार महत विजयी भएका छन् ।

शनिवार सम्पन्न निर्वाचनको अन्तिम मतपरिणाम अनुसार ८०० मतदाता रहेको भद्रपुर रेडक्रसमा ४४१ मत खस्दा अर्का प्रत्यासी योगेन्द्र पौडेललाई १६८ मतमा रोक्दै महत विजयी भएका हुन् ।

यस्तै सचिवमा रमेश भण्डारी २३२ मतका साथ विजयी भए भने निकटतम् प्रतिस्पर्धी गणेश गिरीले १९० मतमा सीमित हुनु परेको छ । उपसचिवमा प्रमिला कोइराला २२४ मतका साथ विजयी भइन् भने प्रतिष्पर्धी तोर्णविक्रम कार्कीले १९३ मत पाएका छन् ।

त्यसैगरी खुल्ला ४ सदस्य पदमा रमला बराल २६५, विकास कोइराला २२९, मित्र अधिकारी २१२, नुतन पौडेल १९१ मतका साथ विजयी भएको निर्वाचन समितिले जनाएको छ ।

# नेपाली पासपोर्ट १०१ औँ स्थानमा

झापा(प्रस)। हेन्ले पासपोर्ट इन्डेक्सले विश्वमा सबैभन्दा शक्तिशाली पासपोर्ट भएका देशहरूको सूची सार्वजनिक गरेको छ । हेन्लेले आफ्नो राहदानीमा कति देशले आफ्ना नागरिकलाई भिसा, फ्री भिसा उपलब्ध गराउँछ भन्ने आधारमा विश्वका सबै १९९ देशलाई च्याङ्किङ गर्छ । इन्टरनेशनल एयर ट्रान्सपोर्ट एसोसिएसन (आईएटीए) बाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको सूचीमा यसपटक नेपालको वरीयतामा गिरावट आएको छ ।

नेपाल १०१ औँ स्थानमा रहेको छ । सन् २०२४ को जनवरीमा नेपाल ९८ औँ स्थानमा रहेको थियो । नेपालको राहदानी भएका व्यक्तिले भिसाबिना ३९ देशमा यात्रा गर्न सक्छन् ।

# नेपाल बैंकका कर्मचारी र ग्राहकलाई बुद्ध एयरमा छुट

झापा(प्रस) । नेपाल बैङ्क लिमिटेडमा कार्यरत कर्मचारी र ग्राहकले बुद्ध एयरबाट प्रदान गरिने हवाई र कार्गो सेवाका विभिन्न शुल्कमा विशेष छुट पाउने भएका छन् । बैङ्कमा कार्यरत कर्मचारी र बैङ्कमा खाता रहेका ग्राहकलाई बुद्ध एयरबाट प्रदान गरिने छुट प्रदान सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौता अनुसार बुद्ध एयरबाट प्रदान गरिने विविध सेवामा लाग्ने शुल्कमा नेपाल बैङ्कमा कार्यरत कर्मचारी र ग्राहकलाई टिकट शुल्कमा आठ प्रतिशत र बैङ्कमा कार्यरत कर्मचारीलाई कार्गो सेवामा ३० प्रतिशतले छुट हुने भएको छ । सम्झौतापत्रमा बैङ्कका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र बुद्ध एयरका तर्फबाट मार्केटिङ निर्देशक रूपेश जोशीले हस्ताक्षर गरेका छन्

# विद्युत् चुहावट १२.७३ प्रतिशतमा सीमित

झापा(प्रस)। नेपाल विद्युत् प्राधिकरणले चुहावटलाई उल्लेख्य रूपमा घटाउन सफल भएको छ । प्राधिकरणले ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बुझाएको विवरणअनुसार गत आवमा प्रणालीको विद्युत् चुहावट करिब १२ दशमलव ७३ प्रतिशतमा सीमित गरेको छ । चुहावट घटाउनु पनि कमाउनु हो भन्ने मूल मर्मलाई आत्मसात् गरेको प्राधिकरणले अनाधिकृत विद्युत् चोरी तथा प्राविधिक चुहावटलाई कम गर्न अनेकन प्रयास गरिएको जनाएको छ ।

आठ वर्षअघिसम्म प्रणालीमा २५ दशमलव ७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो । आव २०७९/८० मा विद्युत् चुहावट १३.४६ प्रतिशत थियो । आव २०८०/८१ मा चुहावट १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको विवरणमा उल्लेख छ । प्राधिकरणले गत आवमा रू १४ अर्ब ४६ करोड नाफा कमाएको थियो । आव २०७२/७३ मा एकै वर्ष रू आठ अर्ब ८९ करोड खुद नोक्सानीमा रहेको प्राधिकरण ०७३/७४ मा रू एक अर्ब ५० करोड खुद नाफा कमाउँदै प्राधिकरणले नाफाको इतिहास सुरू गरेको थियो । त्यसपछि प्राधिकरण निरन्तर नाफामा छ आठ वर्षअघि रू ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरणले अहिले रू ४७ अर्ब ४१ करोड सञ्चित नाफा गरेको छ ।

प्राधिकरणले आठ वर्षमा विद्युतीकरणमा ठूलो सफलता हात पारेको छ । आव २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो । तीन वर्षअघि ८९ दशमलव आठ प्रतिशत रहेको विद्युतीकरण अहिले ९९ प्रतिशत पुगेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले वित्तीय अवस्थामा थप सुधार, संस्थाभित्रको सुशासन, हरेक नागरिकको घरमा विद्युत् पुऱ्याउन विद्युतीकरण, विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रसारण र वितरणतर्फका पूर्वाधार संरचनाको विस्तार एवम् सुदृढीकरणमा विशेष ध्यान दिइएको जानकारी दिए । यस्तै, उत्पादनतर्फका ठूला जलविद्युत् आयोजना अगाडि बढाउने, आन्तरिक रूपमा खपत वृद्धि तथा अतिरिक्त भएको विद्युत् निर्यातलगायतलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडि बढाइएको उनको भनाइ छ ।

देश लोडसेडिङमुक्त भएर नियमितरूपमा विद्युत् आपूर्ति हुन थालेपछि प्रणालीमा उत्पन्न भएको चुनौतीलाई सम्बोधन गर्न र उपभोक्तालाई विश्वसनीय र गुणस्तरीय विद्युत् आपूर्तिका लागि प्रणालीको पूर्वाधार विस्तार, सुधार एवं प्रविधिमार्फत स्वचालित गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइएको छ । इक्रा नेपालले गरेको क्रेडिट रेटिङमा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' रेटिङ पाइरहेको छ । गत आवको वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् भारतर्फ निर्यात गरी रू १७ अर्ब सात करोड आम्दानी गरेको थियो । गत आवमा आयातभन्दा करिब १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेर इतिहास बनाउन सफल भएको छ ।

# बाढीले पुल बगाएको ठाउँमा बेलिब्रिज सञ्चालन

झापा(प्रस)। गत असोज १२ गतेको बाढीले पुल बगाएको ठाउँमा बेलिब्रिज जडान गरिएको छ । सगरमाथा लोकमार्गअन्तर्गत खोटाङ र उदयपुरको सिमाना फोक्सिङटार स्थित सुनकोशी नदीमा बेलिब्रिज जडान गरी शनिबार उद्घाटन गरिएको हो ।

उक्त बेलिब्रिज कोशी प्रदेश भौतिक पूर्वाधार तथा स्वास्थ्यमन्त्री भूपेन्द्र राईले उद्घाटन गरेका हुन् । एक करोड २९ लाख ४६ हजार ७७ रूपैयाँको डिटेल स्टिमेट लागतमा बोलपत्र आह्वान गरिए पनि एक करोड दुई लाख रूपैयाँमा आर्यन कन्ट्रक्सन मल्टिपर्पोज प्रालि उदयपुर कटारीले ठेक्का लिएको मन्त्री राईले बताए ।

उक्त निर्माण कम्पनीले पुषभित्र सक्ने गरी मंसिर २८ गते सम्झौता गरेको थियो । उक्त ठाउँमा ५० मिटरको बेलिब्रिज जडान गरिएको हो । उक्त बेलिब्रिजले खोटेहाङ गाउँपालिका-९ लिच्चीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका-६ आँपटार जोडेको छ ।

# नेपाली आईटी कम्पनीहरूले अब विदेशमा लगानी गर्न पाउने

झापा(प्रस) । नेपाली आईटी कम्पनीहरूले अब विदेशमा लगानी गर्न पाउने नेपाल सरकारले सूचना प्रविधि (आईटी) क्षेत्रमा कार्यरत नेपाली कम्पनीहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने उद्देश्यले एक नयाँ निर्णय अघि सारेको छ । मन्त्रिपरिषद्को बैठकले ल्याएको नयाँ अध्यादेशले नेपाली आईटी कम्पनीहरूले विदेशमा शाखा कार्यालय स्थापना गर्न, लगानी गर्न, र त्यहाँबाट आर्जित आम्दानीलाई कानुनी रूपमा स्वदेश भित्र्याउन कानुनी आधार तयार गरेको छ ।

लामो समयदेखि नेपालको आईटी क्षेत्रमा क्रियाशील उद्यमीहरूले उठाउने गरेको प्रमुख मागमध्ये एकलाई सम्बोधन गर्न सरकारले प्रयास गरेको सो क्षेत्रका विज्ञहरूको प्रतिक्रिया छ । प्रधानमन्त्री केपी शर्मा ओलीले यसबारे शनिबार फेसबुक पोस्टमा भनेका छन्, 'नेपालमा आईटीको क्षेत्रमा काम गर्नेहरूका लागि केही कानुनी अप्ठ्याराहरू थिए । अब नेपाली आईटी कम्पनीहरूले विदेशमा लगानी गर्न, विदेशमा शाखा कार्यालय खोलेर पैसा कमाउन र त्यसरी कमाएको पैसा कानुनी रूपमा भित्र्याउन पाउने भएका छन् ।' अध्यादेशमा समेटिएका व्यवस्थाअनुसार सूचना प्रविधिमा आधारित कम्पनीहरूले नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा सटही सुविधा प्राप्त गर्न सक्नेछन् । यसका लागि सम्बन्धित कम्पनीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा निवेदन दिनुपर्नेछ र मन्त्रालयले कम्पनीको व्यावसायिक क्षमताको समीक्षा गरी स्वीकृति प्रदान गरेपछि नेपाल राष्ट्र बैंकले एक पटकका लागि सटही सुविधा उपलब्ध गराउने व्यवस्था अध्यादेशमा भएको छ । साथै नयाँ अध्यादेशले विशेष आर्थिक क्षेत्रभित्र आईटी सेवा उद्योगहरू स्थापना गर्न प्रोत्साहन गर्ने प्रावधानसमेत राखेको छ ।

## नजरबाट..

दिएँ।

मनमा केही समय चिसोपन रहिरह्यो। उसले दिएको साथित्वको माया, सम्मान क्षणभरमा साघुँरिँदै गए। मैले ऊसँगको कुराकानीमा देखाएको उत्साह, ऊर्जा सामान्य अवस्थामा परिणत भए।

के उसले देखाएको सामिप्यता मसँग मात्र नभएर सबैसँगको समान व्यवहार थियो त?

यतिका समयसम्म एउटा नजिकको साथीको सम्बन्ध पनि मैले स्थापित गर्न नसकेको हो त?

सायद म गलत थिएँ। मसँग मान्छे चिन्ने क्षमता छ भन्ने घमण्डले कहीँकतै जरा गाडेर बसेको थियो। त्यसैले त म मेरो बुझाइलाई नै अन्तिम बुझाइ ठानेर उसले मलाई देखाएको प्रेमिल व्यवहार मेरो लागि मात्र थियो भन्ने कुरामा विश्वस्त थिए।

यसमा उसको के गल्ती? उसले मप्रति आफ्नो मनमा बनेको धारणा सार्वजनिक गरेको त थियो। इमानदारिता देखाएको थियो। म त त्यसमा भन् खुसी पो हुनुपर्ने! चाहेको भए उसले मलाई प्रशंसाको विशाल पहाड खडा गरिदिन सक्थ्यो, केही समय भ्रमले बनाएको फुसको महल नै खडा गरिदिन सक्थ्यो तर अहँ! उसले त्यस्तो गरेन।

हुन त त्यो बीचमा धेरैपटक मैले उसको फरक व्यवहार महसुस नगरेको होइन। आत्मीयता बढ्दै जाँदा मैले पठाएका केही म्यासेजहरू फोनकलहरू हेरेर पनि रिप्लाइ नगरेका पलहरू धेरै थिए। चाहेको भए उनले आफू व्यस्त भएको या कुराकानी गर्न नसक्ने परिस्थितिमा रहेको जानकारी गराउन सक्थ्यो अहँ उसले त्यस्तो गरेन। उसको उक्त व्यवहारले धेरैपटक झन्नोर गरेको पो हो कि! भनेर धेरैपटक मनमा चस्स पसेको पक्कै हो। तर जब अशुमन सम्पर्कमा आउथ्यो उसका कुराकानीले मनमा भएको शंका उपशंका आफै हराएर जान्थ्यो। मान्छेको मन न हो। आफ्नो बसमा सधैं कहाँ रहन्छ र? मैले उसले मप्रति बनाएको धारणाकै कारण मेरो मनमा बनेको ऊप्रतिको तस्बिर रत्ति पनि धमिलिन सकेन। मनमा उब्जिएका प्रेमिल भाव परिवर्तन हुन सकेन। हरेक दिन मोबाइलको किबोर्डमा हात पुर्याउनुअगावै मनको आँखाले उसलाई सर्च गर्न भ्याइसकेका हुन्थे।

म महसुस गर्न सक्थें। कहिलेकाहीँ मेरा म्यासेजहरूले उसलाई इरिटेड गराइदिन्थ्यो सायद त्यसैले त केहीपटक उसले मैले अनलाइन नदेख्ने बनाएको हुनसक्छ। सायद मेरा म्यासेज, मेरा फोन कल उसका लागि अर्थपूर्ण थिएनन्। त्यसैले त म्यासेज हेरिए पनि त्यसको जबाफ पठाउन उसलाई जरूरी ठानेन। अनि फेरि आफ्नो अनुकूलतामा उसले गर्ने म्यासेजले उसले मलाई दिएको भ्यालु कति छ भन्ने कुरामा म प्रष्ट हुँदै गएँ।

ऊ व्यस्त रहन चाहने मान्छे हो। समयको महत्व उसले राम्रोसँग बुझेको छ। ऊ कसैको चासोमा, अनावश्यक चर्चामा आफ्नो समय बर्बाद गर्न चाहँदैन अनि अरूको भावनाको कदर गर्ने र आवश्यक पर्दा मन खोलेर अरूलाई सहयोग गर्ने प्रभावशाली ब्यक्तित्व देख्छु म उसमा। उसको यस्तै नेचरले ऊप्रति माया र सम्मान बढ्दै गएको हुनसक्छ।

भनिन्छ भ्रमको आयु छोटो हुन्छ, तर पनि भ्रममा बाँच्नुको पनि मज्जा छुट्टै हुने। समयले मलाई एक झापड हानेको त पक्कै हो। बाध्यता र प्राथमिकतालाई एउटै स्थानमा राखेर हेर्नु गलत भएको कुरा स्वीकार गर्न समयले हानेको झापड थियो त्यो।

उसलाई प्रश्न गर्ने ठाउँ थिएन। गुनासो पोख्ने अधिकार थिएन। कुन सम्बन्धले मैले म प्रतिको उसको धारणा स्पष्ट पार्ने हो ? हाम्रो सम्बन्ध प्रेमी प्रेमिकाको हैन, न त कुनै विशेष सम्बन्ध। मैले उसलाई यसरी बेवास्ता गर्नुको कारण सोध्नुको कुनै तुक नै थिएन। त्यहाँ कुनै आधारहरू थिएनन्। मन दुखाउने कारण ऊ नभएर स्वयम् आफू भएको प्रष्ट हुँदाहुँदै पनि यस्ता प्रश्नहरू गर्नु उचित थिएन। त्यसैले सम्बन्धको दुरी आफै कायम राख्नु उचित हुन्छ।

सबैको स्वभाव एकै प्रकारको हुन्न। सबैको हेर्ने नजर एउटै हुँदैन। यो सत्यलाई मैले पनि स्वीकार्नै पर्छ। विशेष परिस्थितिबाहेक धेरैपटक उसले देखाएको व्यवहारले सायद मप्रति उसको धारणामा म गलत छु कि भन्ने महसुस हुन थालेपछि धेरैपटक मोबाइलको किबोर्डमा औंला तेर्सिए पनि आजकल आफै औलाहरू सर्तक हुन थालेका छन्। कसैप्रतिको आफूले दर्शाएको प्रेम र स्नेह उसका लागि अर्थहीन भएको मनले महसुस गरे मन कति दुख्ला? तर पनि भन् दुरी बढाउन किन सकिँदैन होला? यो प्रश्नले पनि हिजोआज सताउँछ मलाई।

ऊसँगको सम्बन्धमा मेरो कुनै गुनासो छैन, न कुनै आशा र अपेक्षा नै। मायाको बदला माया खोज्ने र साथको बदलामा हातको अधिकार माग्ने सम्बन्ध यो साथीको सम्बन्ध होइन। तर कहिलेकाहीँ विशेष परिस्थितिले निम्त्याएको विशेष क्षणको सम्मान पाउने इच्छा राख्नु या चाहना हुनु सायद मानवीय स्वभाव नै हो। म पनि मान्छे हुँ त्यो स्वभावबाट टाढा कहाँ हुन सक्छु र?

केही समयपछि फेरि उसले अर्को फूलको स्टोरी बनायो। ती फूल त्यस्तै सुन्दर थिए, तर नजरले बुन्ने कथा केही फरक। त्यो फूलको कथा यो पटक पनि मेरो लागि विशेष नै बन्यो। त्यही फूलको कथाले मलाई भ्रमको दुनियाँबाट यथार्थताको धरातलमा उभ्याइदियो। त्यो फूलको सुन्दरता सबैका साझा थिए। यथार्थतामा ती फूलहरूले सबैलाई गुड मर्निङ विस गरिरहेका थिए।

मनमनै उसलाई धन्यवाद नदिइ बस्न सकिनँ। वास्तवमा फूलसँग प्रेम हुन फूलजस्तै कोमल मन हुनुपर्छ भन्ने छैन भन्ने पाठ सिक्ने मिठो अवसर उसले त्यो फूलको कथाले दिलाएको थियो।

आखिर अप्ठ्यारो मान्छे ऊ हैन म रहेछु। उसको मन कठोर होइन, म पो धेरै कोमल रहेछु। अनि उसले सबैप्रति देखाउने प्रेमिल व्यवहार मैले मेरो लागि मात्र हो भन्ने सोचले आफूलाई विशेष ठान्नु मेरो पो भ्रम रहेछ। ढिलै भए पनि सत्यलाई स्वीकार त गर्नैपर्‍यो। आफूले सत्यता स्वीकार गरे पनि हिजोआज मलाई एउटा प्रश्नले बडो सताउन थालेको छ, एउटा फूलको कथा बुन्न जान्ने मान्छे, फूलको कथा सुन्न सक्ने र अरूलाई सुनाउन सक्ने मान्छेले आफूप्रति दर्साएको प्रेम र सम्मानलाई महसुस गर्न नसक्ने मन चाहिँ कस्तो है??

कहिलेकाहीँ त लाग्छ म धेरै सोच्छु, त्यसैले मलाई यस्ता प्रश्नहरूले सताएका हुन। तर फेरि आफ्नै मनले भन्छ, अहँ हैन, म सबैको बारेमा धारणा बनाउँदै बस्दिनँ, जो मान्छे मनसँग जोडिएका हुन्छन् उनीहरूको बारेमा बनेका केही धारणाहरूको बारेमा गरिएको मनको चिन्तन मात्र हो।

उसले फेरि पनि सबैको लागि अर्को फूलको कथा सार्वजनिक गऱ्यो।

त्यहाँ लेखिएको थियो,

'एउटा फूलको कथा. .....

यो पटकको उसले बुनेको फूलको कथाले मलाई पहिलोपटक महसुस गरायो, वास्तवमा ऊ त त्यही थियो, जहाँ मैले भेटेकी थिएँ एउटा फूलको कथा बुन्दै। अघि त म पो बढेको रहेछु, उसको लागि त्यो फूल एउटा कथा थियो, गल्ती मेरै पो रहेछ, उसले बनाएको त्यो फूलको कथामा मैले एउटा कथा मात्र नभएर जिन्दगी देखें। एउटा यस्तो जिन्दगी जसको नाम छैन, यस्तो जिन्दगी जसको परिभाषा छैन, यस्ता यावत कुराहरू नभए पनि त्यही जिन्दगीभित्र एउटा मिठो अनुभूति छ, ऊर्जा छ अनि उत्साह छ।

तर पनि यो पटक उसले कैद गरेको फूलको कथालाई आफ्नै कथा बनाएर मनमा लेखी अन्त्य गर्न मन लाग्यो, 'आफ्नै नजरबाट चोरिएको फूलको कथा।'

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । राजनैतिक कार्यमा बाधा

**वृष** बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।सम्पत्ति हराउने र साँझमा खर्च

**मिथुन** आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्गारको प्राप्ति हुनेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्

**कन्या** गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता

**कुम्भ** आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मिन** दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।